# साम्पाङ र नेपाली भाषामा पदसङ्गतिको तुलनात्मक अध्ययन

खम्बराज राई
एम.एड. दोस्रो वर्ष
परीक्षा रोल नं.: २१४००२० (२०६९)
त्रि.वि.दर्ता नं.: ३३-८६
क्याम्पस रोल नं. २६०(२०६७/२०६८)
शैक्षिक वर्ष : (२०६७/२०६८)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली
भाषा शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड्.) दोस्रो वर्षको
नेपा.शि.५९८ को पाठ्यांशको
प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**

सुकुना बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षण समिति
सुन्दरहरैँचा, मोरङ
२०७५/२०१८

# शोधनिर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षाविभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **'साम्पाङर नेपाली भाषामा पदसङ्गतिको तुलनात्मक अध्ययन'** शीर्षकको शोधपत्र शोधार्थी खम्बराज राईले मेरो निर्देशनमा तयार पार्नुभएको हो । कडामिहिनेत र लगनशीलताका साथ तयार पारिएको यस शोधकार्यप्रति म सन्तुष्ट रहेको छु । अतः यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मिति: २०७५।०५।१९

____________________

शोधनिर्देशक

दीपक न्यौपाने

सुकुना बहुमखी क्याम्पस सुन्दरहरैँचा,मोरङ

नेपाली भाषाशिक्षा विभाग

## प्रतिवद्धता पत्र

प्रस्तुत शीर्षक शोधपत्र मेरो आफ्नै प्रयासबाट सम्पन्न गरिएको हो । यस शोधपत्रमा अध्ययन गरिएका भाषा, वर्ण तथा तथ्याङ्कहरू सत्य तथ्य हुन् । यसबाट पछि कोही कसैमाथि कुनै असर पर्न गएमा सोको जिम्मेवारी मेरो रहने प्रतिवद्धता व्यक्त गर्दछु ।

खम्बराज राई

शोधकर्ता

२०७५।

# कृतज्ञताज्ञापन

अभावको खडेरीमा टुसाउने प्रयास गरेको यस शोधपत्रका लागि शोधको बीउ धान्नदेखि उमार्नसम्मका आफ्नो व्यस्त समयका बाबजुद सल्लाह, सहयोग र निर्देश गर्नुहुने कुशल शोधनिर्देशक उपप्राध्यापक दीपक न्यौपानेप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोध प्रस्ताव अध्ययन गरी हौसला दिनुहुने उपप्राध्यापक मेघनारायण श्रेष्ठलाई पनि कृतज्ञता ज्ञापन गर्दछु ।

शोध गहन र वास्तविकताको गहिराइबाट निकाल्नु पर्ने विषयवस्तु हो । विषयको गहनता र वास्तविकताको पत्र केलाउन श्रम, समय र वचन दिनुहुने काजीमान राई, डिकमणि राई, उपप्राध्यापक हर्कवीर राई, अरुणप्रसाद राई, बौवासरी राई र शुभ राई (साम्पाङहरू) लाई पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो अध्ययनका बारेमा चिन्ता गरेर प्रेरणा दिनुहुने मेरा माता स्व. तिलोतमा राई, पिता दीर्घसिं राई, अध्ययन सामग्री जुटाइ दिने काइला नूछः शंकर राई र समयसूचक नीछँ तारा राई, अध्ययन अवधिभर गाँस, बास र आर्थिक सहयोग गर्नुहुने नाना पवित्रा राई, भेना शंकरबहादुर राई र भान्जी एलीना व्यवहारिक सहयोग पुऱ्याउने जीवनसंगिनी सरिता राईप्रति आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा सुसाङ्ख्य दिनुहुने भाइ (सालो) पदम राई, टाइप गर्न सहयोग गर्ने शिक्षक मित्रद्वय एकबहादुर बुढाथोकी, रोशन यादव, प्राविधिक सहयोग पुऱ्याइदिने दुर्छिम मा.वि. परिवार प्रति पनि आभार प्रकट गर्दछु । शोधपत्र कम्प्युटर टङ्कन गरी अन्तिम रूप दिने होराइजन फोटो स्टुडियो एण्ड छापाखानाका मित्र अश्विनप्रसाद उप्रेतीलाई पनि धन्यवाद दिन चाहान्छु ।

२०७५।०५।१९



खम्वराज राई

सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

# शोधसार


साम्पाङ र नेपाली भाषाको पदसङ्गतिको तुलनात्मक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस स्नातकोत्तर तह, नेपाली भाषा शिक्षा विभाग अन्तरगत एम.एड. दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांश प्रयोजनका लागि तयार पारिएको हो । यस शोधपत्रमा निम्न लिखित समस्याहरू उठाइएको छ :

क. साम्पाङ भाषामा पदसङ्गतिको व्यवस्था कस्तो रहेको छ ?

ख. साम्पाङ भाषा र नेपाली भाषाका पदसङ्गतिगत व्यवस्थामा केकस्ता समानता र भिन्नता रहेका छन् ?

यी माथिका समस्याका परिधिमा केन्द्रित रहेर अनुसन्धान कार्य सम्पन्न गरिएको हो । यस अनुसन्धान निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

क.साम्पाङ भाषाको पदसङ्गतिगत व्यवस्थाको अध्ययन गर्नु,

ख.साम्पाङ र नेपाली भाषाका पदसङ्गतिमा पाइने समानता र भिन्नता केलाउनु,

साम्पाङ भाषामा पदसङ्गतिको व्यवस्था अध्ययन गरेर जानकारी दिनु । साम्पाङ र नेपाली भाषाका पदसङ्गतिमा तुलनात्मक अध्ययन गरी यी बीचमा रहेको भेदलाई जानकारी गराउनु रहेको छ ।

साम्पाङ भाषीहरू नेपाल भित्र मात्र होइन, नेपाल बाहिर पनि बसोबास गर्दै आएका छन् । यस भाषाको गहन अध्ययन गर्न निकै जटिल देखिन्छ । यो शोधकार्य निश्चित उद्देश्य प्राप्तिका लागि मात्र गरिने भएकाले यस अध्ययन कार्यलाई निम्न क्षेत्र र सीमा भित्र रहेर पूरा गरिएको छ ।

क) अध्ययनका क्षेत्र खोटाङ जिल्लाको बाँसपानी, खार्ताम्छा, फेदी र पाथेका ४ गाउँ विकास समिति भित्र रहेका छन् ।

ख) पदसङ्गतिको अध्ययन गर्दा नेपाली मानव व्याकरिणक कोटिमा केन्द्रित भएर लिङ्ग, वचन, पुरुष र आदरका आधारमा कर्ता र क्रिया, नाम र सर्वनाम, विशेष्य र विशेषण तथा भेदक र भेद्यका बारेमा अध्ययन गरिएको छ ।

प्रस्तुत भाषिक अध्ययनको तथ्याङ्क सङ्कलन गर्नका लागि स्थलगत अध्ययन, अन्तर्वार्ता, छलफल र पुस्ताकलयीय, वर्णनात्मक तथा विश्लेषणात्मक विधि प्रयोग गरिएको छ । प्रस्तुत शोधपत्र साम्पाङ र नेपाली भाषाका पदसङ्गतिको तुलनात्मक अध्ययन गर्ने

उद्देश्यले तयार गरिएको हो । यसलाई पाँच परिच्छेदमा विभाजन निम्नानुसारको विषयवस्तुको प्रयोग गरिएको छ ।

परिच्छेद एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, संक्षिप्त शब्दहरू समावेश गरिएका छन् ।

परिच्छेद दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचामा सैद्धान्तिक साहित्यको पुनरवलोकन, सम्बन्धित साहित्यको उपादेयता, सैद्धान्तिक/अवधारणात्मक ढाँचा राखेर विश्लेषण गरिएको छ ।

परिच्छेद तीनमा अध्ययनको विधि, अध्ययनको ढाँचा, अध्ययनको जनसंख्या र नमूना अध्ययन, नमुना छनौट प्रक्रिया, तथ्याङ्क संकलनका साधन र तरिका, तथ्याङ्क संकलन प्रक्रिया र तथ्याङ्कको व्याख्या विश्लेषण प्रक्रिया रहेको छ ।

परिच्छेद चारमा साम्पाङ भाषाको परिचय, साम्पाङ भाषाको उत्पति, पद सङ्गतिको व्यवस्था र नेपाली भाषामा पद सङ्गति, साम्पाङ भाषामा पदसङ्गति, साम्पाङ र नेपाली भाषाको पद सङ्गतिको तुलनात्मक अध्ययन गरिएको छ । तुलनात्मक अध्ययन कर्ता र क्रिया, नाम र सर्वनाम, विशेषण र विशेष्य, भेदक र भेद्यमा, लिङ्ग, वचन, पुरुष र आदरका आधारमा गरिएको छ ।

- नेपाली भाषाको मानव व्याकरणलाई आधारमानी अध्ययन गर्दा लिङ्ग सङ्गति पाइन्छ भने साम्पाङ भाषामा लिङ्ग सङ्गति पाइँदैन ।
- नेपाली भाषामा वचन सङ्गति एक र बहुवचन गरी दुई किसिमका पाइन्छ भने साम्पाङ भाषामा एक, दुई र बहु गरी तीन किसिमका पाइन्छन् ।
- नेपाली भाषामा तीन किसिमका पुरुष सङ्गति रहेझैँ साम्पाङ भाषामा पनि तीन किसिमकै पुरुष सङ्गति रहेको पाइन्छ ।
- आदर सङ्गतिमा नेपाली भाषामा चार तह रहेको पाइन्छ । साम्पाङ भाषामा कर्ता तीन तहको रहे तापनि क्रियागत रूपमा दुई तह मात्र रहेको पाइन्छ । यसरी नेपाली भाषा र साम्पाङ भाषामा तुलनात्मक अध्ययन गरी अन्त्यमा प्राप्ति तथा साराशं प्रस्तुत गरिएको छ ।

परिच्छेद पाँचमा शोधको निष्कर्ष, अनुसन्धान तहका लागि सुझावका साथै बाँकी विषयवस्तुहरू टिपोट गरी अनुसन्धानकर्ताहरूलाई बाटो फुकुवा गरिदिइएको छ ।

# विषयसूची


पेज नं.

**सिफारिस पत्र** क
**स्वीकृति पत्र** ख
**प्रतिवद्धता पत्र** ग
**कृतज्ञता** घ
**शोधसार** ङ
**विषयसूची** छ

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ३
१.३ अध्ययनको उद्देश्य ३
१.४ अध्ययनको औचित्य ३
१.५ अध्ययनको क्षेत्र र सीमाङ्कन ३

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा**

२.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन ५
२.२ सम्बन्धित साहित्यको पुनरवलोकन ६
२.३ पुनरावलोकनको उपदेयता ८
२.४ सैद्धान्तिक अवधारणात्मक ढाँचा ९

**परिच्छेद तीन : अध्ययन विधि तथा प्रक्रिया**

३.१ अध्ययनको ढाँचा १०
३.२ अध्ययनको जनसङ्ख्या नमूना अध्ययन १०
३.३ नमूना छनोट प्रक्रिया १०
३.४ तथ्याङ्क सङ्कलन साधन र तरिका १०
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया ११
३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया ११

**परिच्छेद चार : साम्पाङ र नेपाली भाषामा पदसङ्गतिको तुलनात्मक अध्ययन**

४.१ साम्पाङ भाषाको परिचय १२
४.१.१ साम्पाङ भाषाको उत्पति १२

४.१.२ राई भाषा समूह र साम्पाङ भाषा १६

४.१.३ नेपालमा साम्पाङ भाषाको स्थिति १८

४.१.४ साम्पाङ भाषाको जनसङ्ख्या २२

४.१.५ साम्पाङ जातिको बसोबास क्षेत्र र पाछाहरू २२

४.२ पदसङ्गति व्यवस्था र नेपाली भाषामा पदसङ्गति २४

४.२.१ नेपालीमा पदसङ्गतिको परिचय २५

४.२.२ नेपालीमा पदसङ्गतिको प्रकार २६

४.३ साम्पाङ भाषामा पदसङ्गति २९

४.३.१ कर्ता र क्रियामा सङ्गति २९

४.३.२ कर्म र क्रियामा सङ्गति ३२

४.३.३ भाव सङ्गति ३५

४.३.४ नाम र सर्वनाममा सङ्गति ३६

४.३.५ विशेष्य र विशेषणमा पदसङ्गति ३८

४.३.६ भेदक र भेद्यमा सङ्गति ४१

४.४ साम्पाङ र नेपाली भाषाको पदसङ्गतिको तुलना ४३

४.४.१ उद्देश्य र विधेयको सङ्गति ४४

४.४.२ नाम र सर्वनाममा सङ्गति ४८

४.४.३ विशेष्य र विशेषणमा सङ्गति ५०

४.४.४ भेदक र भेद्यमा सङ्गति ५१

४.४.५ निष्कर्ष ५३

४.५ प्राप्ति तथा साराशं ५३

४.५.१ प्राप्ति ५३

४.५.२ साराशं ५५


**अध्याय पाँच : निष्कर्ष र सुझाव**


५.१ निष्कर्ष ५७

५.२ सुझावहरू ५८

५.२.१ अनुसन्धान तहका लागि सुझाव ५८

*सन्दर्भसामग्री*